लालझाडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर कंचनपुर, शुदूरपश्चिम प्रदेश

## शिलवन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।१२।०३

यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्य शिलवन्दी वोलपत्र वा E-Bidding को माध्यमबाट गर्नु पर्ने भएको हुदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र संलग्न राखी आधिकारिक निर्माण व्यवसायीबाट तपशिल शर्तहरुको अधीनमा रही ३० (तीस) दिन भित्र रितपुर्वकको शिलवन्दी वोलपत्र वा E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रका शर्तहरु**

१.वोलपत्र सम्वन्धि कागजातहरु मिति २०७५।१२।०३ देखी २०७६।०१।०२ सम्म कार्यालय समय भित्र यस कार्यालयबाट फाराम दस्तुर रु.३०००।०० (पछी फिर्ता नहुने गरी ) तिरी खरिद गर्न सकिनेछ ।

२.खरिद गरेको वोलपत्र मिति २०७६।०१।०३ गते दिनको १२.०० बजे सम्म छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै सिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सबै वोलपत्रहरु कार्यालय प्रतिनिधि तथा वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २.०० बजे खोलिने छ । वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएपनि वोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३.धरौटी वापत लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर शाखामा रहेको **धरौटी खाता नं. ४१८०३०३००७११०** मा तपशिल बमोजिमको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट **कम्तीमा १२० दिन** म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंकबाट यस कार्यालयको नाममा जारि भएको विडवण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले बिद्युतीय प्रणालीबाट PPMO को बेभसाईट www.bolpatra.gov.np बाट बिद्युतीय प्रणालीबाटै submission गरि बोलपत्र प्रकृयामा भाग लिन पाउनेछन। माथी उल्लिखित बोलपत्र खरिद वापतको रकम यस गाउँपालिकाको राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर शाखामा राजश्व खाता **नं.४१८०३०४०१८११०** मा जम्मा गरेको बैंक भौचर, बोलपत्र जमानत वापत नगदै धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा बोलपत्र जमानत पत्रको स्क्यान प्रती (PDF Format) साथ बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजे भित्र Upload गरी submission गरि सक्नुपर्नेछ । यसरी गरिएका फाइल Unreadable Format मा वा Corrupted भएमा कार्यालय जवाफदेही हुने छैन र बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन । बिद्युतीय माध्यम प्रयोग गर्ने बोलपत्रदाताहरुले बोलपत्रमा समावेश सम्पुर्ण कागजातहरुको सक्कल प्रती बोलपत्र खोलिएको ३ दिन भित्र पेश गर्नु पर्नेछ अन्यथा बोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।

५.रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै दररेट अंक र अक्षर दुवैमा हुनु पर्नेछ । यदी दररेट मुल्य अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ ।

६.वोलपत्र दर्ता/ खोल्ने दिन विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

७. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर वाहेक) सम्वन्धीत वोलपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ । सम्झौता अवधीभर मुल्यवृद्धि उपलब्ध गराईने छैन ।

८.बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९.बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहीर कार्यालयको नाम, कार्यको विवरण र बोलपत्र दाता फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्ने, बोलपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा दस्तखत र सही छाप गर्नुपर्नेछ । एक फर्मको नाममा दाखीला भएको बोलपत्र फाराम अर्को ब्यक्ती वा फर्मको नाममा दाखीला गर्न पाइने छैन ।

१०.बोलपत्रमा भाग लिन फर्म अयोग्य नभएको , प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, ठेक्का सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ ) वमोजिमको घोषणपत्र वोलपत्रसाथ वोलपत्रदाताले पेश गर्नु पर्नेछ ।

११. सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०७३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१२. बोलपत्र सम्बन्धि कुनै संसोधन वा हेरफेर गर्नु पर्ने भएमा सार्वजनिक सुचना प्रकाशन गरी जानकारी गराइने छ ।

१३. वोलपत्र सम्वन्धमा अन्य कुराहरु वुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

| सि.न. | ठेक्का नम्वर | कामको विवरण | लागत अनुमान ( मु.अ.कर र कन्टेन्जेन्सी बाहेक ) रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | LAL-१५-२०७५।०७६ | वडा नं. ६ को चान्देव बजार देखी पुर्व स्ल्याव कलभर्ट सम्म सडक कालोपत्रे CH 0+361 to CH 0+526 | २१,२१,२२१।- | ५३,५००।- |
| २ | LAL-१६-२०७५।०७६ | पुनर्वास न.पा.१० को सिमाना देखी १ नं. वडा कार्यालय, डाडाबिचवा, बिनाबारी सुख्खडघाट, २ नं. वडाको बैजनाथ चोक, सिद्धनाथ चोकबाट काठे पुल सम्म सडक स्तरोन्नती CH 7+000 to CH 13+420 | ६५,०४,६९४।२८ | १,६३,०००।- |
| ३ | LAL-१७-२०७५।०७६ | वडा नं. ४ बेलचौराह देखी डाडाजाइ गाउघर क्लिनिक, पर्सिया काठेपुल वडा नं. ३ को घघेश्वर नालाको स्ल्याब कलभर्ट हुदै वडा नं. २ को कसवा काठेपुल सम्मको सडक स्तरोन्नती CH 6+500 to CH 10+725 | ४७,७२,५८९।२३ | १,१९,५००।- |

प्रमुख प्रशासकीय अधिकृत